༄༅།།སྟོན་པ་ཡེ་ཤུའི་ ཆོས་ལུགས་ཀྱི་དྲིས་ལན་བཞུགས་སོ།།

ईसाई धर्मको बारेमा प्रश्न र उत्तरहरू

༄༅། །སྟོན་པ་ཡེ་ཤུའི་ཆོས་ལུགས་ཀྱི་དྲིས་ལན་བཞུགས་སོ།།

ईसाई धर्मको बारेमा प्रश्न र उत्तरहरू

༄༅། །འཛམ་གླིང་མཐའ་གྲུ་གསལ་བའི་འོད་སྣང་།
དེང་རབས་ཀྱི་བོད་ཡིག 2018 ལོའི་པར་གཞི།

A Radiant Light to the Ends of the Earth
Modern Tibetan © 2018 Central Asia Publishing

नेपाली नयाँ संशोधित संस्करण
Nepali New Revised Version © Nepal Bible Society 1997, 2006, 2009, 2012
NNRV

© 2024 Central Asia Publishing

CTB

www.gsungrab.org / contact@gsungrab.org

དཀར་ཆག

ངོ་སྤྲོད། 5

ལེའུ་དང་པོ།
དཀོན་མཆོག་གི་སྐོར། 9

ལེའུ་གཉིས་པ།
སྟོན་པ་ཡེ་ཤུའི་འཕྲིན་བཟང་གི་སྐོར། 14

ལེའུ་གསུམ་པ།
ཡེ་ཤུ་མྭ་ཤི་ཀ་ལ་དད་པ་བྱེད་པའི་སྐོར། 23

ལེའུ་བཞི་པ།
དཀོན་མཆོག་གི་དམ་པའི་གསུང་རབ་ཀྱི་སྐོར། 29

सामग्रीको तालिका

परिचय 5

अध्याय एक:
ईसाई धर्म 9

अध्याय दुई:
येशूको सुसमाचार 14

अध्याय तीन:
येशू ख्रीष्टमा विश्वास 23

अध्याय चार:
बाइबल 29

ངོ་སྤྲོད།

0.1 མི་ཚེའི་སྐོར་འདྲི་བ་གལ་ཆེན་མང་པོ་ཡོད། དཔེར་ན་འཇིག་རྟེན་ཁམས་གང་ནས་བྱུང་ངམ། མིའི་རིགས་ཀྱི་བྱུང་ཚུལ་དེ་ཅི་ཡིན་ནམ། མི་རྣམས་ཅིའི་ཕྱིར་སྡུག་བསྔལ་མྱོང་ངམ། འཆི་བའི་རྗེས་སུ་ཅི་འབྱུང་བར་འགྱུར་རམ། དཀོན་མཆོག་སུ་ཡིན་ནམ། དེང་སང་གི་བོད་པ་ཚོས་འདྲི་བ་འདི་ཚོའི་ལན་རྣམས་ནི་ཡེ་ཤུའི་ཆོས་ལུགས་ཀྱི་སྒོ་ནས་ཤེས་པར་འགྱུར།

0.2 ཡེ་ཤུའི་ཆོས་ལུགས་ནི་འཛམ་གླིང་གི་ཆོས་ལུགས་ཆེ་ཤོས་ཡིན། འཛམ་གླིང་ལ་སྟོན་པ་ཡེ་ཤུ་མཱ་ཤི་ཀ་ལ་དད་པ་བྱེད་མཁན་ཐེར་འབུམ་གཉིས་ལས་མང་བ་ཡོད་ཅིང་། ཁོ་རྣམས་ཀྱུང་གོ་ཚུད་པའི་རྒྱལ་ཁབ་ཐམས་ཅད་དུ་ཁྱབ་ཡོད། ཀྱུང་གོར་སྟོན་པ་ཡེ་ཤུ་ལ་དད་མཁན་དུང་ཕྱུར་གཅིག་ཙམ་ཡོད། ཁོ་ཚོའི་ནང་ནས་བོད་རིགས་དང་སོག་རིགས་ཀྱི་དད་ལྡན་པའང་ཡོད། སྟོན་པ་ཡེ་ཤུའི་རྗེས་སུ་འབྲང་མཁན་ཡིན་ན་ཁྱུངས་གང་ནས་ཡིན་པ་ལ་རགས་མ་ལས། དེ་དང་འདྲ་བར་ནང་པ་ཞིག་ཡིན་ན་བོད་རིགས་ཡིན་པའི་ངེས་པ་མེད། དེས་ན་བོད་རིགས་ཡིན་ན་ནང་པ་ཡིན་པའི་ངེས་པ་མེད། མི་རིགས་ཀྱི་ཁྱད་པར་མེད་པར་མི་སུ་འདྲ་ཞིག་ཡིན་རུང་། སྟོན་པ་ཡེ་ཤུ་ལ་དད་ན་ཆོག

परिचय

०.१ जीवनका बारेमा धेरै महत्वपूर्ण प्रश्नहरु रहेका छन्: संसार कसरी सुरु भयो? मानिसहरू कहाँबाट आएका थिए? मान्छेले किन दुःख अनुभव गर्छन्? मृत्यु पछि के हुन्छ? परमेश्वर को हुनुहुन्छ? आज तिब्बतीहरूले क्रिश्चियनमार्फत यी प्रश्नहरूको उत्तर सिक्दैछन्।

०.२ क्रिश्चियन संसारको सबैभन्दा ठूलो धर्म हो। विश्वमा लगभग २.२ अरब ईसाईहरू छन्, र उनीहरू चीन लगायत सबै देशमा बस्छन्। चीनमा करिब एक सय करोड ईसाईहरू छन्। तीमध्ये तिब्बती र मंगोलियन ईसाई रहेका छन्। येशूको अनुयायी हुनु भनेको हामी कहाँबाट आएको हौ भन्ने कुरामा भर पर्दैन। यसरी नै बुद्धिष्ट हुनुको अर्थ तिब्बती नै हुनुपर्छ भन्ने होइन, र तिब्बती हुनुको अर्थ बुद्धिष्ट हुनैपर्छ भन्ने पनि होइन। जो कोही, जातीयता नभए पनि येशूमा विश्वास गर्न सकिन्छ।



0.3 ལོ་ངོ་ཉིས་སྟོང་གི་སྔོན་ལ་སྟོན་པ་ཡེ་ཤུ་ནི་ཨེ་ཞེ་ཡཱ་ནུབ་ཕྱོགས་སུ་སྐུ་འཁྲུངས། ཁོང་གིས་སྡིག་ཉེས་སེལ་བ་དང་། དཀོན་མཆོག་ལ་དད་པ་བྱེད་པའི་སྒོ་ནས་དཔག་ཏུ་མེད་པའི་ཚེ་འཐོབ་པའི་སྐོར་བསྟན་པར་མཛད། དྲིས་ལན་འདིའི་བརྗོད་དོན་ནི་སྟོན་པ་ཡེ་ཤུའི་ཆོས་ལུགས་ཡིན། དཀོན་མཆོག་སུ་ཡིན། དཀོན་མཆོག་དང་ནང་པའི་ཆོས་ཀྱི་དཀོན་མཆོག་གསུམ་གཅིག་པ་ཡིན་ནམ། སྟོན་པ་ཡེ་ཤུ་ལ་དད་པ་བྱས་ན་ཕན་ཐོག་གང་ཡོད་དམ། སྟོན་པ་ཡེ་ཤུ་ལ་ཇི་ལྟར་དད་པ་བྱས་ནས་རྗེས་སུ་འབྲང་ངམ།

०.३ दुई हजार वर्षअघि, प्रभु येशू पश्चिम एसियामा जन्मनुभएको थियो। उहाँले पापहरूको क्षमा र परमेश्वरमा विश्वासद्वारा असीमित जीवन प्राप्त गर्ने बारे सिकाउनुभयो। यस “प्रश्न र उत्तर” को विषय भनेको ईसाईहरूको विश्वास हो। परमेश्वर को हुनुहुन्छ? के परमेश्वर बुद्ध धर्मको तीन शरण जस्तै हो? येशूको चेला हुनुको फाइदा के हो? तपाईं कसरी येशूमा विश्वास गर्नुहुन्छ र उहाँलाई पछ्याउनु हुन्छ?

ལེའུ་དང་པོ།
དཀོན་མཆོག་གི་སྐོར།

1.1 དྲི་བ། དཀོན་མཆོག་སུ་ཡིན་ནམ།

1.2 ལན། དཀོན་མཆོག་ནི་འཇིག་རྟེན་ཁམས་དང་དེར་ཡོད་པ་ཐམས་ཅད་ཀྱི་བཀོད་པ་པོ་ཡིན་ནོ། ཁོང་ལ་ཐོག་མཐའ་མེད་པ་ཡིན། ཁོང་མུ་མཐའ་མེད་པ་དང་། འགྱུར་བ་མེད་པ་ཡིན། ཁོང་ནི་གང་ཡོད་པ་ཐམས་ཅད་ཀྱི་འབྱུང་ཁུངས་ཡིན་པས། འཇིག་རྟེན་ཁམས་ལ་ཡོད་པ་ཐམས་ཅད་ཀྱིས་ཁོང་ལ་རྟེན། ཁོང་གིས་མི་དང་གནས་ལུགས་ཐམས་ཅད་གཟིགས་པས་ཀུན་མཁྱེན་ཡིན། དཀོན་མཆོག་མཐོང་མི་སྲིད་ཀྱང་། དུས་རྟག་དུ་གང་སར་བཞུགས། ཁོང་ནི་དམ་པ་དང་དྲང་བདེན་ཡིན་པས། སྡིག་ཉེས་ནས་ཡོངས་སུ་འབྲལ་བ་ཡིན། དཀོན་མཆོག་ནི་ཡེ་ཤུ་མཱ་ཤི་ཀའི་ཡབ་ཡིན། ཁོང་ལ་གཙོ་བོ་དཀོན་མཆོག་གམ། ཡ་ཝེ་དཀོན་མཆོག དབང་ཀུན་དང་ལྡན་པའི་དཀོན་མཆོག བླ་ན་མེད་པའི་དཀོན་མཆོག་ཀྱང་ཟེར། དབང་ཀུན་དང་ལྡན་པའི་དཀོན་མཆོག་གཉིས་ཡོད་མི་སྲིད་པས། ཡ་ཝེ་དཀོན་མཆོག་གཅིག་པོ་དཀོན་མཆོག་ངོ་མ་ཡིན།

अध्याय एक:
ईसाई धर्म

१.१ प्र: परमेश्वर को हुनुहुन्छ?

१.२ उ: परमेश्वर संसार र यसमा भएका सबै कुराको सृष्टिकर्ता हुनुहुन्छ। उहाँको कुनै सुरुआत वा अन्त्य छैन। उहाँ असीम हुनुहुन्छ र कहिल्यै परिवर्तन हुनुहुँदैन। उहाँ सबै चीजहरूको स्रोत हुनुहुन्छ र संसारमा भएका सबै चीजहरू आफ्नो अस्तित्वको लागि उहाँमाथि निर्भर छन्। उहाँले सबै मानिसहरू र परिस्थितिहरू देख्नुहुन्छ र सबै कुरा जान्नुहुन्छ। परमेश्वरलाई देख्न नसकिए तापनि उहाँ सधैं सबै ठाउँमा हुनुहुन्छ। उहाँ पवित्र र धर्मी हुनुहुन्छ र पापबाट पूर्ण रूपमा अलग हुनुहुन्छ। परमेश्वर येशू ख्रीष्टका पिता हुनुहुन्छ। उहाँलाई प्रभु परमेश्वर, यहोवा परमेश्वर, सर्वशक्तिमान परमेश्वर र सर्वोच्चका परमेश्वर पनि भनिन्छ। किनकि त्यहाँ दुई सर्वशक्तिमान ईश्वरहरू हुन सक्दैनन्, यहोवा परमेश्वर मात्र एक सत्य परमेश्वर हुनुहुन्छ।

1.3 དྲི་བ། སྟོན་པ་ཡེ་ཤུ་མཱ་ཤི་ཀ་སུ་ཡིན་ནམ།

1.4 ལན། སྟོན་པ་ཡེ་ཤུ་མཱ་ཤི་ཀ་ནི་དཀོན་མཆོག་གི་སྲས་དང་མི་རིགས་ཐམས་ཅད་ཀྱི་སྐྱབས་མགོན་ཡིན་ཏེ། ལོ་ངོ་ཉིས་སྟོང་གི་སྔོན་དུ་ཡི་སི་ར་ཨེལ་ཞེས་ཟེར་བའི་ཡུལ་དུ་སྐུ་འཁྲུངས། ཁོང་ནི་ཡ་ཧུ་དཱ་མི་རིགས་ཀྱི་ཡོངས་སུ་གྲགས་པའི་སྟོན་པ་ཞིག་ཡིན། ཁོང་ལ་ཉེ་གནས་བཅུ་གཉིས་དང་རྗེས་སུ་འབྲང་མཁན་མང་པོ་ཡོད། ཁོ་ཚོའི་ནང་ནས་མི་ཁ་ཤས་ཀྱིས་ཁོང་གི་གསུང་ནི་ཞལ་ཆད་གསར་པ་ཞེས་ཟེར་བའི་དཔེ་དེབ་ཏུ་བཀོད།

१.३ प्र: येशू ख्रीष्ट को हुनुहुन्छ?

१.४ उ: येशू परमेश्वरको पुत्र र संसारको मुक्तिदाता हुनुहुन्छ। उहाँको जन्म दुई हजार वर्ष पहिले, इजरायल नामक देशमा भएको थियो। उहाँ एक प्रसिद्ध यहूदी शिक्षक हुनुहुन्थ्यो। उहाँका बाह्र विद्यार्थी र अन्य धेरै चेलाहरू थिए। ती मध्ये केहीले नयाँ करार नामक पुस्तकमा उहाँको उपदेश रेकर्ड गराएका थिए।



1.5 དེ་བ། སྟོན་པ་ཡེ་ཤུའི་བསྟན་པ་གཙོ་བོ་གང་ཡིན་ནམ།

1.6 ལན། སྟོན་པ་ཡེ་ཤུས་དགེ་བ་གསོག་པ་དང་། ཆོས་ཀྱི་ཆོག་ཤེས་སྒོལ་སོགས་དགོན་མཆོག་གི་སྒྲུན་སྒར་ཐར་པ་འཛིན་པའི་ཕྱིར་ལན་མེད་ཡིན་པར་གསུངས། ཁོང་གི་གསུང་ལྟར་དགོན་མཆོག་ལ་བསྟེན་བཀུར་ཞུ་འདོད་མ་ལན་གྱིས་བྱ་བ་དེ་རྣམས་ཀྱི་ཚབ་ལ་གཙོ་བོ་དགོན་མཆོག་ལ་བློ་གཏིག་སེམས་གཏིག་དང་ནུས་པ་ཅི་ཡོད་ཀྱིས་བརྩེ་བར་བཟུང་སྟེ། རང་ལས་གཞན་རྣམས་ལ་བྱམས་པ་བྱེད་དགོས། སྟོན་པ་ཡེ་ཤུས་གལ་ཏེ་མི་ཞིག་གིས་རང་ཉིད་སྡིག་ཉེས་ཅན་ཡིན་པར་ལས་ལེན་བྱས་ཏེ་སྡུག་པ་ངན་པ་རྣམས་སྤངས་ནས་ཆེས་བསྒྱུར་ན། དགོན་མཆོག་གིས་ཁོའི་སྡིག་ཉེས་ཆེས་ངེས་ཡིན་པར་གསུངས། སྟོན་པ་ཡེ་ཤུ་ལ་དད་མ་ལན་རྣམས་ནི་ཞི་བདེ་དང་དགའ་སྐྱོའི་ངང་ནས་དགོན་མཆོག་དང་དུས་གཏན་དུ་གནས་པར་འགྱུར་ངེས་ཡིན། འོན་ཀྱང་ཁོང་གིས་དགོན་མཆོག་ལ་ཇོ་ཚོལ་བྱེད་མ་ལན་ཐམས་ཅད་དགོན་མཆོག་དང་ཁ་བྲལ་ཏེ་དམྱལ་བ་ཆེ་ཆུང་ངུ་ཁ་ཅིག་ཏུ་གནས་དགོས་པར་གསུངས། དེ་ལྟར་གསུངས་པའི་དབང་ཆུ་ཡོད་པ་མཆོད་པའི་ཕྱིར་ཁོང་གིས་ངོ་མཚར་ཅན་ཀྱི་མཛད་པ་མང་པོ་བསྟན། དཔེར་ན་དགོན་མཆོག་གི་ནུས་མཐུའི་སྒོ་ནས་ཁོང་གིས་ནད་རིགས་མི་འདྲ་བའི་ནད་པ་མང་པོ་བཅོས་གནང་བ་དང་། གཤོན་འདྲེ་མང་པོ་བསྒྲད་པ། གཤིན་པོ་རྣམས་འཆི་བ་ལས་བསྒྲངས་པ་ལ་སོགས་པའི་འཕྲིན་ལས་མཛད།

१.५ प्र: येशूको मुख्य शिक्षण के हो?

१.६ उ: प्रभु येशूले मानिसहरूलाई परमेश्वरमा ल्याउनको लागि योग्यता निर्माण, धार्मिक अनुष्ठान र मानवीय परम्पराको कुनै महत्त्व छैन भनी भन्नुभयो। उहाँको शिक्षा अनुसार, परमेश्वरको आराधना गर्न चाहानेले आफ्नो सम्पूर्ण मन, हृदय र क्षमताले परमेश्वरलाई प्रेम गर्नुपर्छ र आफुलाई भन्दा बढी अरुलाई प्रेम गर्नुपर्छ। येशूले प्रचार गर्नुभयो कि यदि कसैले आफू पापी हुँ भनी स्वीकार गर्छ र आफूले गरेका खराब कामहरूबाट पश्चात्ताप गर्छ भने, परमेश्वरले निश्चयनै उसको पाप क्षमा गर्नुहुनेछ। येशूमा विश्वास गर्नेहरू सधैंभरि शान्ति र आनन्दमा परमेश्वरसँग रहनेछन्। तर उहाँले यो पनि भन्नुभयो कि परमेश्वरको विरोध गर्ने सबै उहाँबाट अलग हुनेछन् र अनन्त नरकमा बस्नेछन्। उहाँसँग त्यस्ता कुराहरू बोल्ने अधिकार छ भनी देखाउन, प्रभु येशूले धेरै असल कामहरू गर्नुभयो, जस्तै बिरामीहरूलाई निको पार्नुभयो, भूतहरू भगाउनु भयो र मरेकाहरूलाई जीवित पार्नुभयो।

1.7 དྲི་བ། ཡེ་ཤུའི་ཆོས་ལུགས་ཀྱི་དཀོན་མཆོག་དང་ནང་པའི་ཆོས་ཀྱི་དཀོན་
མཆོག་གསུམ་དབར་ཁྱད་པར་ཅི་ཡོད།

1.8 ལན། ནང་པའི་ཆོས་ལུགས་ཀྱི་དཀོན་མཆོག་གསུམ་ནི་སངས་རྒྱས་དང་
གཅིག ཆོས་དང་གཉིས། དགེ་འདུན་དང་གསུམ་བཅས་ཡིན། འོན་ཀྱང་
ཡེ་ཤུའི་ཆོས་ལུགས་ཀྱི་དཀོན་མཆོག་ནི་དཀོན་མཆོག་གཅིག་རང་ཡིན་ཏེ།
ཡབ་དཀོན་མཆོག་དང་། སྲས་དཀོན་མཆོག དམ་པའི་ཐུགས་ཉིད་བཅས་
ཡིན་ལ། གསུམ་པོ་དེ་གཅིག་པ་མ་ཡིན་ཡང་། ངོ་བོ་གཅིག་རང་ཡིན། ཡབ་
དཀོན་མཆོག་ནི་སྲས་དཀོན་མཆོག་སྟེ་ཡེ་ཤུ་མཱ་ཤི་ཀའི་ཡབ་དང་། ཡེ་ཤུ་མཱ་
ཤི་ཀ་ནི་ང་ཚོ་སྡིག་ཉེས་ཀྱི་ཆད་པ་ལས་ཐར་བར་མཛད་པའི་ཕྱིར་འཛམ་གླིང་
འདིར་ཕེབས་པ། དམ་པའི་ཐུགས་ཉིད་དཀོན་མཆོག་ནི་ཡེ་ཤུ་ལ་དད་པ་བྱེད་
མཁན་ཐམས་ཅད་ཀྱི་སེམས་ལ་བཞུགས་པ་དེ་རྣམས་ཡིན། དེ་ནི་ནང་པའི་
ཆོས་ཀྱི་དཀོན་མཆོག་གསུམ་དང་མི་མཚུངས་པ་གསལ་པོར་སྟོན། དཀོན་
མཆོག་ནི་ལྷའམ། བྱང་ཆུབ་སེམས་དཔའ་མ་ཡིན། ཁོང་མུ་མཐའ་མེད་པ་
ཡིན་པས་མི་རྣམས་ཀྱིས་བཟོ་ཐུབ་པའི་སྐུ་འདྲ་དང་རྩ་བ་ནས་མི་འདྲ།

१.७ प्र: क्रिश्चियन धर्म र बौद्ध धर्मका तीन शरण बीच के फरक छ?

१.८ उ: बुद्ध धर्मको तीन शरण भनेको बुद्ध, उहाँका शिक्षाहरू र भिक्षुहरू हुन्। तर ईसाईहरूको परमेश्वर एक हुनुहुन्छ; पिता, पुत्र र पवित्र आत्मा। यद्यपि यी तीनै समान छैनन्, उनीहरू प्रत्येकको अतिरिक्त सम्मान प्रकृति छ। परमेश्वर पिता येशू ख्रीष्टका पिता हुनुहुन्छ। येशू ख्रीष्ट हाम्रो पापको दण्डबाट हामीलाई बचाउन भनि यो संसारमा आउनुभयो। परमेश्वर पवित्र आत्मा परमेश्वर हुनुहुन्छ जसले येशूमा विश्वास गर्नेहरूको हृदयमा बास गर्नुहुन्छ। यसले स्पष्ट देखाउँछ कि परमेश्वर बौद्ध धर्मको त्रिपक्षीय शरण जस्तै हुनुहुन्न। परमेश्वर कुनै देवता वा बोधिसत्व होइन। उहाँ अनन्त हुनुहुन्छ र मानिसहरूले बनाउन सक्ने कुनै पनि मूर्तिभन्दा पूर्ण रूपमा भिन्न हुनुहुन्छ।

1.9 དྲི་བ། འཇིག་རྟེན་ཁམས་གང་ནས་བྱུང་བ་ཡིན།

1.10 ལན། ཐོག་མར་དཀོན་མཆོག་གིས་ཐམས་ཅད་གསར་དུ་བཀོད་གནང་། ཁོང་གིས་གནམ་ས་གཉིས་དང་། ཉི་ཟླ། མཚན་མོ་ང་ཚོས་མཐོང་ཐུབ་པའི་སྐར་མ་བཅས་མཛད། ཁོང་གིས་བོད་ཡུལ་གྱི་གངས་རི་དང་བྱང་ཐང་། གཙང་པོ་དང་མཚོ། རྟ་ནོར་ལུག་གསུམ་ལ་སོགས་པའི་ཕྱུགས་རིགས་དང་སེམས་ཅན་གཞན། བོད་རིགས་ཚུད་པའི་འཛམ་གླིང་གི་མི་རིགས་ཐམས་ཅད་ཀྱང་བཀོད་པར་མཛད།

1.11 དྲི་བ། མིའི་རིགས་གང་ནས་བྱུང་བ་ཡིན།

1.12 ལན། ཐོག་མར་དཀོན་མཆོག་གིས་རང་ཉིད་དཔེ་རུ་བྱས་ཏེ་མི་གཉིས་བཟོ་བར་མཛད། རང་ཉིད་དང་འགྲོགས་པའི་ཆེད་དང་། སྐྱིད་པོ་དང་དམ་པར་འགྱུར་བའི་ཕྱིར་ཁོང་གིས་སྐྱེས་པ་ཞིག་དང་བུད་མེད་ཅིག་མཛད། དཀོན་མཆོག་དང་འདྲ་བར་མི་དེ་གཉིས་ལ་བསམ་བློ་གཏོང་ཐུབ་པའི་སེམས་ཡོད་ཅིང་། ཉིན་ལྟར་དཀོན་མཆོག་དང་བཀའ་མོལ་ཞུས། མིའི་རིགས་ནི་དཀོན་མཆོག་དང་འབྲེལ་བ་ཡང་དག་པ་ཡོང་བའི་ཆེད་དུ་མཛད། ཁོང་གི་སྤྱན་སྔར་མི་རྣམས་ནི་གལ་ཆེན་ཡིན།

१.९ प्र: संसार कसरी सुरु भयो?

१.१० उ: समयको प्रारम्भमा, परमेश्वरले त्यहाँ सबै थोक बनाउनुभयो। उहाँले आकाश र पृथ्वी, सूर्य र चन्द्रमा बनाउनुभयो र ताराहरू जुन हामी रातमा आकाशमा देख्न सक्छौं। उहाँले तिब्बतका हिउँ पहाडहरू र उत्तरी मैदानहरू, यसका नदीहरू र तालहरू, यसका घोडाहरू, चैउरीहरू र भेडाहरू र अन्य जनावरहरू, र तिब्बतीहरू सहित विश्वका सबै मानिसहरूलाई पनि बनाउनुभयो।

१.११ प्र: मानिसहरू कहाँबाट आए?

१.१२ उ: सुरुमा, परमेश्वरले दुई व्यक्तिलाई आफ्नै स्वरूपमा बनाउनुभयो। परमेश्वरले एउटा पुरुष र स्त्रीलाई उहाँसँग संङ्गति गर्न साथै खुशी र पवित्र रहन बनाउनुभयो। परमेश्वर जस्तै, ति दुई जना मानिससँग सोच्न सक्ने दिमाग थियो। तिनीहरूले दिनहुँ परमेश्वरसँग कुराकानी गर्थे। मानवता परमेश्वरसॅगको सुमधुर सम्बन्धको निम्ति बनाईएको थियो। मानिस परमेश्वरको नजरमा महत्त्वपूर्ण छ।

ལེའུ་གཉིས་པ།
སྟོན་པ་ཡེ་ཤུའི་འཕྲིན་བཟང་གི་སྐོར།

2.1 དེ་བ། གལ་ཏེ་དགོན་མཆོག་གིས་ཐོག་མར་མི་རྣམས་སྐྱེད་པོ་དང་དམ་པར་འགྱུར་བའི་ཆེད་དུ་བཀོད་པར་མཛད་ན། དེང་སང་སྡུག་བསྔལ་ཡུལ་གྱུ་གང་ནས་ཡོད་པ་དེ་ཅི་ཡིན།

2.2 ལན། དགོན་མཆོག་ནི་བྱམས་སེམས་དང་ལྡན་པའི་ཡབ་དང་འདྲ་བ་ཞིག་ཡིན། ཁོང་གིས་སྐྱེས་པ་དང་བུད་མེད་ཐོག་མར་མཛད་སྐབས་འཆི་བ་ལས་སྐྱོབ་པའི་ཕྱིར་ཁོ་གཉིས་ལ་བཀའ་རྒྱ་ཞིག་གནང་། འོན་ཀྱང་དགོན་མཆོག་གི་བཀའ་ལ་མ་ཉན་པར་རང་འདོད་བྱས་པས་མི་དེ་གཉིས་སྲིག་ཅེས་ཅན་དུ་གྱུར། དུས་དེ་ནས་བཟུང་མི་ཐམས་ཅད་ལ་སྲིག་པའི་རང་གཤིས་ཡོད་པས། སྲིག་པ་ནས་སྡུག་བསྔལ་དང་འཆི་བ་འབྱུང་།

अध्याय दुई:
येशूको सुसमाचार

२.१ प्र: यदि सुरुमा परमेश्वरले मानिसलाई पवित्र र खुशी हुन सृष्टि गर्नुभयो भने, आज किन जतातते दुःख छ?

२.२ उ: परमेश्वर मायालु पिता जस्तै हुनुहुन्छ। जब उहाँले प्रथम पुरुष र स्त्री बनाउनुभयो, उहाँले तिनीहरूलाई आज्ञा दिनुभयो ताकि तिनीहरू मृत्युबाट बचाइनेछ। तर परमेश्वरको आज्ञा नमानेर र परमेश्वरको मार्गतिर आफ्नो मार्ग पहिरिएर ती दुई जना मानिसहरू पापी बने। तब देखि, सबै मानिसहरु पापी स्वभावका भएका छन्; पापबाट पीडा र मृत्यु आउँछ।

2.3 དྲི་བ། སྡིག་ཉེས་ཀྱི་དོན་ཅི་ཡིན།

2.4 ལན། སྡིག་ཉེས་ནི་དགོན་མཆོག་གི་བཀའ་ལ་མ་ཉན་པ་དེ་ཡིན། དཔེར་ན་མི་སྲོག་གཅོད་པ་དང་། ལོག་གཡེམ། ཕ་མ་གཉེས་ལ་བཀུར་སྟི་མི་བྱེད་པ། བག་མེད་སྤྱོད་པ། ལྷ་ལ་རྟེན་པ། མཐུ་སྟོབས། ནང་ཞེམས། འགྲུག་རྩོད། ཕྲག་དོག ཁོང་ཁྲོ་ལངས་བདེ་བ། འགོན་ཞེམས། ར་བཟི་བ། རྫུན་ཞོད་པ་བཅས་སྡིག་ཉེས་ཡིན། དེ་ལྟར་བྱེད་མཁན་དགོན་མཆོག་དང་འབྲེལ་བ་ཡང་དག་པ་མེད།

2.5 དྲི་བ། མི་ཐམས་ཅད་ཀྱིས་སྡིག་ལས་བྱེད་སྲོང་ངམ།

2.6 ལན། བྱེད་སྲོང་། མི་ཐམས་ཅད་ལ་སྡིག་ཉེས་ཀྱི་རང་གཤིས་ཡོད་པས་ཐམས་ཅད་ཀྱིས་སྡིག་ཉེས་བྱེད་སྲོང་། མི་འོས་པའི་བསམ་པ་ལམ། སྐད་ཆའམ། བྱ་བའི་སྒོ་ནས་ངཆོས་ཉིན་ལྟར་སྡིག་ཉེས་གསོག་ཅིང་། བླ་ན་མེད་པའི་དགོན་མཆོག་ལ་ཕོག་ཐུག་གཏོང་། དེའི་ཕྱིར་ངཆོ་དགོན་མཆོག་དང་རྒྱུང་རིང་དུ་གནས།

२.३ प्र: पाप के हो?

२.४ उ: पाप भनेको परमेश्वरको आज्ञा पालन नगर्नु हो। पापका उदाहरणहरू हत्या, व्यभिचार, आमाबाबुको अनादर, जंगली व्यवहार, मूर्तिपूजा, जादू, घृणा, झगडा, आरीस, सजिलै रिसाउने, ईर्ष्या, पीयक्कडपन, र झूट हो। यस्ता काम गर्ने मानिसहरूको परमेश्वरसँग सही सम्बन्ध हुँदैन।

२.५ प्र: के सबै मानिसहरूले पाप गरेका छन्?

२.६ उ: हो, सबै मानिसहरूको पापी स्वभाव भएकोले हामी सबैले पाप गरेका छौं। हाम्रा अयोग्य बिचार, वचनहरू वा कर्महरूले हामी हरेक दिन पाप गर्दछौं र सर्वशक्तिमान परमेश्वरलाई अपमानित गर्छौं। यसकारण हामी परमेश्वरबाट अलग भएका छौं।

2.7 དྲི་བ། སྡིག་ཅན་གྱི་འབྲས་བུ་དེ་ཅི་ཡིན།

2.8 ལན། སྡིག་ཅན་གྱི་འབྲས་བུ་ནི་འཆི་བ་ཡིན། ཡོངས་སུ་རྫོགས་པའི་དྲང་བ་ཉིད་དང་ལྡན་པའི་དགོན་མཆོག་སྡིག་ཅན་ལ་སྡུང་། མཐའ་མའི་ཉིན་མོར་ཁོང་གིས་སྡིག་ཅན་ཐམས་ཅད་ལ་ཁྲིམས་གཅོད་གཏོང་རྒྱུ་ཡིན། འཇིགས་སྣྲག་དང་ལྡན་པའི་སྡིག་ཅན་གྱི་ཅན་ཚད་ནི་དགོན་མཆོག་དང་བྲལ་ཏེ་དུས་གཏན་དུ་དམྱལ་བམས་སུ་སྡུག་བསྔལ་མྱོང་དགོས་པ་དེ་ཡིན། མི་ཐམས་ཅད་ཀྱིས་ཆང་བཙུགས་ནས་སྡིག་ཅན་གྱི་ལས་བྱེད་པས་དགོན་མཆོག་དང་འབྲེལ་བ་ཡང་དག་པ་མེད། དེའི་ཕྱིར་ངཚོར་མིའི་རིགས་དང་དགོན་མཆོག་གི་འབྲེལ་བ་གསོ་བར་མཛད་ཐུབ་པའི་བར་མི་ཞིག་དགོས།

2.9 དྲི་བ། དགོན་མཆོག་གི་ཁྲིམས་གཅོད་ལས་ཐར་བའི་ལམ་ཡོད་དམ།

2.10 ལན། ཡོད། ཡེ་ཤུ་མཱ་ཧི་ཀ་ངཚོའི་བར་མི་ཡིན་པས། གལ་ཏེ་ངཚོས་སྐྱོད་པ་ངན་པ་རྣམས་སྒྲུབ་ནས་ཞེམས་བསྟུར་ཏེ་ཁོང་ལ་དད་པ་བྱས་ན། སྡིག་ཅན་གྱི་ཚད་པ་ལས་ཐར་བར་འགྱུར་བ་མ་ཟད། དགོན་མཆོག་གི་མདུན་དུ་དུས་གཏན་དུ་བཞུགས་རིས་ཡིན།

२.७ प्र: पापको परिणाम के हो?

२.८ उ: पापको परिणाम मृत्यु हो। परमेश्वर जो पूर्णरुपले धर्मी हुनुहुन्छ, पापलाई घृणा गर्नुहुन्छ। अन्तिम दिन उहाँले निश्चय नै सबै पापीहरूलाई न्याय गर्नुहुनेछ। पापको लागि भयभीत दण्ड परमेश्वरबाट अलग हुनु र नरकमा सधैंभरि दुःख भोग्नु हो। हामी सबै जानीजानी पाप गर्दछौं जसले गर्दा परमेश्वरसँगको हाम्रो सम्बन्ध बिग्रिएको छ। यसकारण मानिस र परमेश्वर बीचको सम्बन्धलाई पुनर्स्थापित गर्न मध्यस्थकर्ताको आवश्यकता थियो।

२.९ प्र: परमेश्वरको न्यायबाट भाग्ने तरिका छ?

२.१० उ: छ। येशू ख्रीष्ट हाम्रो मध्यस्थकर्ता हुनुहुन्छ, यदि हामीले हाम्रो पापको पश्चात्ताप गर्यौं र येशूमा विश्वास गर्यौं भने, हामीले पापको दण्डबाट मुक्ति पाउन सक्छौं र परमेश्वरसँग सधैंभरि बस्न पाउँछौ।

2.11 དྲི་བ། ཡེ་ཤུ་མཱ་ཤི་ཀ་ནི་མི་ངོ་མ་ཡིན་ནམ།

2.12 ལན། ཡིན། ཡེ་ཤུ་མཱ་ཤི་ཀ་ནི་ང་ཚོའི་སྡིག་ཉེས་ཀྱི་ཉེས་ཆད་ལས་སྐྱོབ་པའི་ཕྱིར་མི་ཡི་རྣམ་པར་འཇིག་རྟེན་འདིར་སྤྱི་ལོའི་དུས་རབས་དང་པོར་སྐུ་འཁྲུངས་པ་ཡིན། ཁོང་ནི་ཡི་སི་ར་ཨེལ་ཡུལ་གྱི་བྱང་ཕྱོགས་ག་ལིལ་གྱི་ས་ཆར་ཡབ་ཡོ་སེབ་དང་ཡུམ་མིར་ཡམ་གྱི་ཁྱིམ་ཚང་དུ་འཚར་ལོངས་བྱུང་ཞིང་། དགུང་ལོ་སུམ་ཅུའི་སྐབས་སུ་ཁྲུས་གསོལ་མཁན་ཡོ་ཧ་ནན་ཞེས་ཟེར་བའི་ལུང་སྟོན་པ་ཡིས་ཁོང་ལ་ཡོར་དན་གཙང་པོར་ཁྲུས་གསོལ་གནང་། ཆོས་ཀྱི་སློབ་དཔོན་སྙན་གྲགས་ཆེན་པོ་ཞིག་ཏུ་གྱུར་ནས་ཡེ་ཤུ་མཱ་ཤི་ཀས་དཀོན་མཆོག་དང་། སྡིག་པ། ང་ཚོ་སྡིག་པའི་ཉེས་ཆད་ལས་སྐྱོབ་པའི་ཆེད་དུ་གང་ཞིག་བྱེད་དགོས་པའི་སྐོར་གསུངས། ཁོང་གིས་ཡབ་དཀོན་མཆོག་གིས་ཁོང་ལ་གང་ཞིག་མཛད་པ་དང་གསུང་བ་ཁོ་ན་མཛད། དཀོན་མཆོག་གི་མདུན་ནས་ཡོང་བར་སྟོན་པའི་ཕྱིར་ཁོང་གིས་ནད་པ་དང་གདོན་འདྲེས་ཟིན་པའི་མི་གསོ་བར་མཛད་ཅིང་། གཤིན་པོ་རྣམས་སླར་གསོན་དུ་སྒྱུར་བ་ལ་སོགས་པའི་ངོ་མཚར་ཆེབའི་མཛད་པ་མང་པོ་བསྒྲུབས་པའོ། །

२.११ प्र: के प्रभु येशू वास्तविक मानिस हुनुहुन्थ्यो?

२.१२ उ: हो। हामीलाई पापको दण्डबाट बचाउन येशू ख्रीष्ट मानिस हुनुभयो र पहिलो शताब्दीमा यस संसारमा जन्मनु भयो। इस्राएलको उत्तरमा गालीलको इलाकामा उनका बुबा यूसुफ र आमा मरियमको घरमा उहाँ हुर्किनु भयो। जब उहाँ लगभग तीस वर्षको हुनुभयो, बप्तिस्मा दिने यूहन्ना नाम गरेका एक अगमवक्ताले यर्दन नदीमा उहाँलाई बप्तिस्मा दिए। उहाँ धर्मका प्रसिद्ध शिक्षक हुनुभयो जसले परमेश्वर र पापबारे सिकाउनुभयो र हामीले हाम्रो पापको दण्डबाट बच्न के गर्नुपर्छ भनेर सिकाउनुभयो। प्रभु येशूले, परमेश्वर पिताले उहाँलाई जे भन्नु र गर्नु भन्नु भयो त्यहिँ मात्र भन्नु र गर्नु भयो। उहाँ परमेश्वरबाट आउनु भएको भनेर देखाउनको लागि, उहाँले धेरै आश्चर्यकाम गर्नुभयो, जस्तै रोगग्रस्त व्यक्तिहरू निको पार्नुभयो र मरिसकेका मानिसहरूलाई फेरि जीवित पार्नुभयो।

2.13 དེ་བ། ཡེ་ཤུ་མཁ་ཤི་ཀ་རི་ལྟར་གྱོངས་སམ།

2.14 ལན། ཡི་ས་ར་ཨེལ་ཡུལ་གྱི་དཔོན་རིགས་ཀྱིས་ཁོང་གི་གསུང་དང་ལེན་མ་བྱས་པས་ཁོང་རྒྱང་ཤིང་སྟེང་གཟར་བརྒྱབ་ནས་གསོད་རྒྱུར་ཐག་གཅོད་བྱས། དེང་རྟམས་ཀྱི་སྟོག་ཉེས་ཀྱི་ཉེས་ཆད་ངན་ཚོའི་ཚབ་ལ་སྐྱོང་ཞིང། ངཚོ་དཀོན་མཆོག་གི་ཁྲིམས་གཅོད་ལས་སྐྱོབ་པའི་ཆེད་དུ་ཡེ་ཤུ་མཁ་ཤི་ཀ་རྒྱང་ཤིང་སྟེང་གྱོངས།

2.15 དེ་བ། ད་ལྟ་ཡེ་ཤུ་མཁ་ཤི་ཀ་གསོན་པ་ཡིན་ནམ།

2.16 ལན། རྒྱང་ཤིང་སྒྲང་ལ་གྱོངས་ནས་ཉིམ་གསུམ་གྱི་རྗེས་སུ་དཀོན་མཆོག་གིས་ཡེ་ཤུ་འཚོ་བ་ནས་སླར་གསོན་པར་མཛད། དེ་ལྟར་མཛད་པའི་སྒོ་ནས་དཀོན་མཆོག་གིས་ངཚོའི་སྟོག་ཉེས་སེལ་བའི་དམར་མཆོད་དེ་དང་ལེན་མཛད་པར་བསྟན། ཡེ་ཤུ་མཁ་ཤི་ཀ་ནི་དཀོན་མཆོག་གི་ཞིང་ཁམས་སུ་ཡར་ཕེབས་ནས་ད་ལྟ་ཁོང་གི་མི་རྟམས་དབང་དུ་སྐྱེར་ཞིང། དཀོན་མཆོག་གི་མདུན་དུ་ཁོ་ཚོའི་དོན་ལ་ཞུ་དོར་མཛད། དུས་ཀྱི་མཐའ་མའི་ཉིན་མོར་དཀོན་མཆོག་གི་ཞིང་ཁམས་ནས་ཕྱིར་ཡོག་ཕེབས་ནས་ཁོང་གིས་ཤི་གསོན་གཉིས་ལ་ཁྲིམས་གཅོད་མཛད་དེས་ཡིན།

२.१३ प्र: प्रभु येशू कसरी मर्नुभयो?

२.१४ उ: इजरायलका धार्मिक अधिकारीहरूले उहाँको शिक्षालाई अस्वीकार गरे र उहाँलाई क्रूसमा कीला हानेर मार्ने निर्णय गरे। उहाँले हाम्रोलागि हाम्रो पापको दण्ड भोग्नुभयो, र हामीलाई परमेश्वरद्वारा हाम्रो पापको दण्डबाट बचाउन क्रूसमा मर्नुभयो।

२.१५ प्र: के येशू ख्रीष्ट आज जीवित हुनुहुन्छ?

२.१६ उ: हो। क्रुसमा मर्नु भएको तीन दिनपछि, परमेश्वरले उहाँलाई मृत्युबाट जीवित उठाउनुभयो। यसो गर्नाले, परमेश्वरले हाम्रो पापको लागि आफ्नो बलिदान स्वीकार गर्नुभएको देखाउनुभयो। त्यसपछि प्रभु येशू परमेश्वरको स्वर्गमा चढनुभयो र अहिले उहाँको मानिसहरूमाथि शासन गर्नुहुन्छ र परमेश्वरको अघि तिनीहरूका निम्ति मध्यस्थताको काम गर्नुहुन्छ। एक दिन समयको अन्तमा, उहाँ जीवित र मरेका दुवैको न्याय गर्न परमेश्वरको स्वर्गबाट फर्कनुहुनेछ।

2.17 དེ་བ། ཡེ་ཤུ་མཱུ་ཥི་ཀ་གྲོངས་ནས་སྨན་གསོན་བའི་དོན་ཅི་ཡིན།

2.18 ལན། ཡེ་ཤུ་མཱུ་ཥི་ཀ་གྲོངས་ནས་སྨན་གསོན་པ་བརྒྱུད་དགོན་མཆོག་གིས་ངཚོ་སྟེག་ཉེས་ཀྱི་ཚད་པ་ལས་ཐར་བའི་ཐབས་ཤེག་གནང། ཞལ་ཚད་གས་པའི་མདོ་ཞིག་ཏུ་བཀོད་པ་ལྟར། དགོན་མཆོག་གིས་རང་གི་སྲས་གཅིག་པོ་གནང་བ་ཙམ་དུ་འཇིག་རྟེན་གྱི་མི་རྣམས་ལ་བྱམས་པར་མཛད་པས། སྲས་ལ་དད་པ་བྱེད་མཁན་ཚང་མར་འཇིག་པར་མི་འགྱུར་བར་དཔག་ཏུ་མེད་པའི་ཚེ་ཐོབ་ཏེས་པའོ་ཞེས་གསུངས། སྟོན་པ་ངན་པ་རྣམས་སྒྲངས་ཤིང་སེམས་བརྒྱར་ནས་ཡེ་ཤུ་མཱུ་ཥི་ཀ་ལ་དད་མཁན་ཡོད་ཚད་ཞི་བདེ་དང་དགའ་སྟོའི་ངང་ནས་ཁོང་དང་མཉམ་དུ་དུས་གཏན་ཏུ་གསོན་པར་འགྱུར་ཏེས་ཡིན། ཁོང་གི་གསུང་དང་ལེན་མི་བྱེད་མཁན་རྣམས་དགོན་མཆོག་དང་བྲལ་ཏེ་དམྱལ་བ་མས་སུ་སྟོག་ཉེས་ཀྱི་ཚད་པ་ཕོག་ཏེས་ཡིན།

2.19 དེ་བ། སྟོག་ཉེས་ཀྱི་ཉེས་ཚད་ཕོག་པ་ལས་ཐར་བའི་ཕྱིར་ངཚོས་ཅི་བྱེད་དགོས།

2.20 ལན། དགོན་མཆོག་ནི་དྲང་བདེན་གྱི་ཁྲིམས་དཔོན་ཡིན་པས་སྟོག་ཉེས་ཅན་ཐམས་ཅད་ལ་ཁྲིམས་གཅོད་གཏོང་རྒྱུ་ཏེས་ཀྱང་། དེ་ལས་ཐར་བའི་ཐབས་ནི། ངེད་རྣམས་ཀྱིས་སྟོན་པ་ངན་པ་རྣམས་སྒྲངས་ནས་སེམས་རྒྱུར་ལ། ཡེ་ཤུ་མཱུ་ཥི་ཀ་ཁོ་ནར་དད་པ་བྱེད་དགོས།

२.१७ प्र: प्रभु येशूको मृत्यु र पुनरुत्थानको अर्थ के हो?

२.१८ उ: प्रभु येशूको मृत्यु र पुनरुत्थानको माध्यमबाट, परमेश्वरले हाम्रो पापको दण्डबाट हामीलाई बचाउन हाम्रो निम्ति मार्ग बनाउनुभयो। जस्तो कि नयाँ करारको एउटा पुस्तकमा लेखिएको छ, “किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो कि उहाँले आफ्नो एकमात्र पुत्र दिनुभयो, ताकि उहाँमाथि विश्वास गर्ने कोहिपनि नाश नहोस् तर त्यसले अनन्त जीवन पाओस्।” जजसले आफ्नो पापको पश्चात्ताप गर्छन् र प्रभु येशू ख्रीष्टमा विश्वास गर्छन्, तिनीहरू उहाँसँग शान्ति र आनन्दमा अनन्तसम्म रहन्छन्। जसले उहाँको शिक्षालाई अस्वीकार गर्छ ऊ परमेश्वरबाट अलग हुनेछ र उसको पापको दण्ड स्वरूप नरकमा जानेछ।

२.१९ प्र: हाम्रो पापको सजायबाट बच्न हामीले के गर्नुपर्छ?

२.२० उ: यद्यपि परमेश्वर एक धर्मी न्यायकर्ता हुनुहुन्छ र सबै पापीहरूको न्याय गर्नै पर्छ, त्यहाँ मुक्तिको एउटा तरिका छ: हामीले हाम्रा पापहरूबाट पश्चात्ताप गर्नुपर्छ र येशू ख्रीष्टमा मात्र विश्वास गर्नुपर्छ।

2.21 དྲི་བ། བསོད་ནམས་གསོག་པའི་སྒོ་ནས་ང་ཚོ་ཐར་བར་འགྱུར་སྲིད་དམ།

2.22 ལན། མི་སྲིད་དེ། དཀོན་མཆོག་དཔེ་མི་སྲིད་པའི་དམ་པ་དང་དྲང་བདེན་ཡིན་ལ། ང་ཚོ་སྡིག་ཅན་ཡིན་པས་ངེད་རྣམས་ཀྱིས་གསོག་ཐུབ་པའི་བསོད་ནམས་ནི་དཀོན་མཆོག་གི་སྤྱན་སྔར་མི་འདང་ངོ། །

2.23 དྲི་བ། གལ་ཏེ་ངེད་རྣམས་ཀྱིས་ཡེ་ཤུ་མཱ་ཤི་ཀ་མ་ཟད། སངས་རྒྱས་དང་ལྷ་རྣམས་ལ་དད་པ་བྱས་ན་ཐར་བར་འགྱུར་སྲིད་དམ།

2.24 ལན། མི་སྲིད་དེ། ཁོང་ཁོ་ནར་སྡིག་ཉེས་ལས་ཐར་བར་མཛད་པའི་དབང་ཆཡོད་པས་ང་ཚོས་ཡེ་ཤུ་མཱ་ཤི་ཀ་ཁོ་ནར་དད་པ་བྱེད་དགོས།

२.२१ प्र: के हामी योग्यता सङ्कलन गरेर बच्न सक्छौं?

२.२२ उ: सक्दैनौँ। किनकि परमेश्वर अनन्तमय पवित्र हुनुहुन्छ र हामी पापी छौं, हामीले संचय गर्न सक्ने योग्यता परमेश्वरमा पर्याप्त छैन।

२.२३ प्र: यदि हामीले येशू ख्रीष्टमा मात्र होइन तर बुद्ध र देवताहरूमा पनि विश्वास गर्छौं भने हामी बच्न सक्छौं?

२.२४ उ: होइन, हामीले येशू ख्रीष्टमा मात्र विश्वास गर्नुपर्छ, किनकि उहाँसँग मात्र हामीलाई पापबाट बचाउने शक्ति छ।

2.25 དེ་བ། མི་སྡུག་ཅང་ཐུབ་པ་ཡིན་ལ་ཁྱོད་ཀྱིས་དམ།

2.26 ལན། མི་སྡུག་ཀྱང་སྨྱོད་པ་ཡན་པ་རྣམས་སྒྲུབ་ནས་ཐེམས་བསྐྱུར་ཏེ་ཡེ་ཤེ་ལ་དད་པ་བྱས་ན་ཐར་པ་ཡོད། དགོན་མཆོག་གི་དཔག་ཏུ་མེད་པའི་ཚོ་འཕོད་པར་ཤིག། སྟོན་པ་ཡེ་ཤེའི་སྐུ་ཚབ་པའི་ལུ་ཞེར་མ་ཁན་ནི་སྟར་དགོན་མཆོག་ལ་སྐྱར་བ་འདེབས་མ་ཁན་དང་། དགོན་མཆོག་གི་མི་རྣམས་ལ་མནར་གཅོད་གཏོང་མ་ཁན། གཏུག་རྡུབ་ཆེ་བའི་མི་ཞིག་ཡིན་ཡང་། རང་གི་སྙིག་ཏེས་སྒྲུབ་ནས་ཐེམས་བསྐྱུར་ཏེ་ཡེ་ཤེ་ལ་དད་པ་བྱས་ནས་ཐར་བར་གྱུར། དབང་པོ་སྐྱོན་ཅན་ནམ། ཕྱུགས་རིགས་ཀྱི་ཡོ་བྱད་བཟོ་མ་ཁན་ནམ། ཤན་པ་ཡིན། སློབ་ཚོར་མ་ཡིན། ཁ་པ་ཡིན། ཡོན་ཏན་ཡོད་པ་དང་མེད་པ་ཡིན། ཕྱུག་པོ་དང་དབུལ་པོ་རྣམས་སུས་ཀྱང་ཡེ་ཤེ་ལ་དད་པ་བྱས་ན་ཐར་བར་ལྷུར་སྲིད།

२.२५ प्रः कसैलाई बचाउन सकिन्छ?

२.२६ उः सकिन्छ, जसले पापको पश्चात्ताप गर्छ र येशूमा विश्वास गर्छ त्यसले मुक्ति र अनन्त जीवन पाउन सक्छ। पावल भनेर चिनिने येशूका प्रेरित पहिले निन्दा गर्ने, परमेश्वरका जनहरूलाई सताउने र हिंस्रक मानिस थिए, तर तिनले आफ्ना पापहरूबाट पश्चात्ताप गरे, येशूमा विश्वास गरे र मुक्ति पाए। अपाङ्गता भएका वा लोहार वा कसाई, वेश्या वा माछा मार्ने, शिक्षित वा अशिक्षित, धनी वा गरिब जो कोहीले पनि येशूमा विश्वास गर्न सक्छन् र बच्न सक्छन्।

2.27 དྲི་བ། ཐར་པ་ཐོབ་ན་ཕན་ཐོག་གང་ཡོད་དམ།

2.28 ལན། མི་སུ་ཞིག་གིས་ཡེ་ཤུ་ལ་དད་པ་བྱས་ན། དཀོན་མཆོག་གིས་ཁོའི་སྡིག་ཉེས་སེལ་བར་མཛད། ཉེས་ཅན་གྱིས་སྡིག་ཉེས་ནམ་ཡང་མ་བྱས་པ་ལྟར་དཀོན་མཆོག་ཁོ་ཚོ་ལ་བྱམས་ཤིང་། ཁོང་གི་དམ་པའི་དགོངས་པ་སྒྲུབ་འདོད་མཁན་དུ་སྒྱུར་བར་མཛད། ཡེ་ཤུ་མཱ་ཤི་ཀ་དཀོན་མཆོག་གི་སྲས་ཡིན་པ་ལྟར་དཀོན་མཆོག་གིས་ཡེ་ཤུ་ལ་དད་མཁན་རྣམས་ཉིད་ཀྱི་སྲས་དང་སྲས་མོ་དང་འདྲ་བར་མཛད། དབང་ཀུན་ལྡན་པའི་ཡེ་ཤུས་གདོན་འདྲེ་དང་ངན་པ་ལས་སྲུང་བར་བྱེད། ཡང་དད་པ་རྣམས་ལ་དཔག་ཏུ་མེད་པའི་ཚེ་འཐོབ་པ་དང་དམ་པའི་ཐུགས་ཉིད་ཁོ་ཚོའི་སེམས་སུ་ཞུགས་པར་འགྱུར།

2.29 དྲི་བ། ཚེ་འདི་ལས་འདའ་བའི་སྐབས་སུ་གང་འབྱུང་ངམ།

2.30 ལན། ཡེ་ཤུ་ལ་དད་པ་རྣམས་ཚེ་འདི་ལས་འདའ་བའི་སྐབས་སུ་གཟུགས་པོ་ནི་ཐལ་བར་འགྱུར་ནའང་། སེམས་དགའ་སྤྲོ་དང་ཞི་བདེའི་ངང་ནས་དཀོན་མཆོག་གི་མདུན་དུ་མྱུར་བར་འགྲོ། དུས་ཀྱི་མཐའ་མའི་ཉིན་མོར་གཟུགས་པོ་སླར་གསོན་པར་མཛད་ངེས་ཡིན་ཞིང་། དུས་གཏན་དུ་དཀོན་མཆོག་དང་མཉམ་དུ་བཞུགས་པར་འགྱུར། ཡེ་ཤུ་དང་ལེན་མི་བྱེད་མཁན་རྣམས་ནི་ཤི་ནས་དམྱལ་ཁམས་སུ་འཕངས་ནས་དེར་དུས་གཏན་དུ་སྡུག་བསྔལ་མྱོང་དགོས།

२.२७ प्र: मुक्ति पाउँदा के फाइदाहरू छन्?

२.२८ उ:जब कसैले येशूमा विश्वास गर्छ, परमेश्वरले त्यस व्यक्तिको पाप क्षमा गर्नुहुन्छ। उहाले त्यो व्यक्तिलाई कहिल्यै पाप नगरेको जस्तै माया गर्नुहुन्छ र उसलाई आफ्नो पवित्र इच्छा पूरा गर्ने चाहाना दिनुहुन्छ। जसरी येशू ख्रीष्ट परमेश्वरका पुत्र हुनुहुन्छ, परमेश्वरले येशूमा विश्वास गर्नेहरूलाई आफ्ना छोराछोरीहरू जस्तै बनाउनु हुन्छ। सर्वशक्तिमान येशूले विश्वासीहरूलाई दुष्ट आत्माहरू र दुष्टहरूबाट जोगाउनुहुन्छ। विश्वासीहरूले पनि अनन्त जीवन पाउँछन् र पवित्र आत्मा तिनीहरूको हृदयमा प्रवेश गर्नुहुन्छ।

२.२९ प्रः मान्छे मरेपछि के हुन्छ?

२.३० उ: जब येशूमा विश्वास गर्नेहरू मर्छन्, यद्यपि तिनीहरूको शरीर माटोमा फर्कन्छ, तिनीहरूको आत्मा तुरुन्तै आनन्द र शान्तिमा परमेश्वरमा जान्छ। अन्तको दिनमा तिनीहरूका शरीरहरू फेरि जीवित हुनेछन् र तिनीहरू परमेश्वरसँग सधैंभरि बाँच्नेछन्। येशूलाई अस्वीकार गर्नेहरू तिनीहरूको मृत्युमा नरकमा फ्याँकिनेछन् र त्यहाँ सधैंभरि कष्ट भोग्नेछन्।

ལེའུ་གསུམ་པ།
ཡེ་ཤུ་མཱ་ཤི་ཀ་ལ་དད་པ་བྱེད་པའི་སྐོར།

3.1 དྲི་བ། བོད་པ་རྣམས་ཀྱི་ནང་ནས་ཡེ་ཤུ་ལ་དད་མཁན་ཡོད་དམ།

3.2 ལན། བོད་རིགས་ཀྱི་ནང་ནས་ཁག་ཅིག་ཡེ་ཤུ་མཱ་ཤི་ཀ་ལ་དད་མཁན་དུ་གྱུར་ཟིན། མདོ་དབུས་ཁམས་གསུམ་དུ་ཡེ་ཤུ་པ་རྣམས་ཀྱི་མི་གྲངས་མང་དུ་འགྲོ་བ་མ་ཟད། ཀྲུང་གོ་དང་། བལ་ཡུལ། རྒྱ་གར་སོགས་སུ་ཡོད་པའི་བོད་རིགས་ཡེ་ཤུ་པ་ཡང་ཡོད། (མཱ་ཤི་ཀ་པ་ཡང་ཟེར་) རྒྱ་རིགས་ཀྱི་ནང་ནས་སྟོན་པ་ཡེ་ཤུ་ལ་དད་པ་བྱེད་མཁན་ས་ཡ་མང་པོ་ཡོད། སྟོན་པ་ཡེ་ཤུས་ཁྱེད་ཡིད་ཐང་ཆད་པ་དང་ཁུར་ཆེན་གྱིས་གནོན་པ་ཐམས་ཅད་ངའི་རྩར་ཤོག་ངས་ཁྱེད་ལ་ངལ་གསོ་སྟེར་བར་བྱ་ཞེས་གསུངས། ཡེ་ཤུ་མཱ་ཤི་ཀས་མི་ཐམས་ཅད་ཉིད་ལ་དད་པ་བྱས་ནས་ཐར་བར་འགྱུར་བར་དགོངས།

अध्याय तीन:
येशू ख्रीष्टमा विश्वास

३.१ प्रः येशूमा विश्वास गर्ने तिब्बतीहरू छन्?

३.२ उ:केही तिब्बतीहरूले येशू ख्रीष्टमा विश्वास गरिसकेका छन्। यु-साङ, एमो र खाममा विश्वासीहरूको संख्या बढिरहेको छ। चीन, नेपाल र भारतमा पनि तिब्बती ख्रीष्टियनहरू छन्। चिनियाँ जनतामा लाखौं विश्वासीहरू पनि छन्। येशूले भन्नुभयो, “हे सबै थाकेका र बोझले दबिएका हो, मकहाँ आओ, म तिमीहरुलाई विश्राम दिनेछु।” येशू ख्रीष्ट सबै मानिसहरूले उहाँमा विश्वास गरून् र उद्धार पाऊन् भन्ने चाहनुहुन्छ।

3.3 དྲི་བ། ཡེ་ཤུ་ལ་ཇི་ལྟར་དད་པ་བྱས་ནས་ཐར་པ་འཐོབ་བམ།

3.4 ལན། བྱེད་དགོས་པ་བཞི་སྟེ། དང་ཐོག་རང་ཉིད་སྡིག་ཉེས་ཅན་ཡིན་པར་ཁས་ལེན་བྱེད་དགོས། སྡིག་པའི་རང་གཤིས་མི་ཀུན་ལ་ཡོད་པས། སྡིག་ཉེས་མེད་པའི་མི་འབྱུང་མི་སྲིད། དེའི་ཕྱིར་ཉིན་ལྟར་ང་ཚོས་སྡིག་ཉེས་ཀྱི་ལས་བྱེད་ཅིང་། དེའི་འབྲས་བུ་ནི་འཆི་བ་ཡིན། འཆི་བ་དེ་ནི་ཚེ་འདི་ལས་འདའ་བ་མ་ཟད། དཀོན་མཆོག་དང་བྲལ་ཏེ་དམྱལ་ཁམས་སུ་དུས་གཏན་དུ་སྡོད་དགོས་པ་དེའང་ཡིན།

3.5 གཉིས་པ་ནི་སྤྱོད་པ་ངན་པར་འགྱོད་བཤགས་དང་དེ་རྣམས་སྤངས་ནས་སེམས་སྒྱུར་དགོས། སྡིག་ཉེས་སྤོང་བ་དེ་བཅོས་མིན་ཡིན་དགོས། སྤྱོད་པ་ངན་པ་རྣམས་མ་སྤངས་ན། མཐའ་མའི་ཉིན་མོར་དཀོན་མཆོག་གིས་ང་ཚོ་ལ་ཁྲིམས་གཅོད་མཛད་པར་འགྱུར་བ་མ་ཟད། དམྱལ་ཁམས་སུ་སྡིག་ཉེས་ཀྱི་ཉེས་ཆད་ཀྱང་མྱོང་བར་འགྱུར་ངེས་ཡིན།

3.6 གསུམ་པ་ནི་ཡེ་ཤུ་ཁོ་ནར་དད་པ་བྱེད་དགོས། སྡིག་ཉེས་ཀྱི་ཉེས་ཆད་ང་ཚོའི་ཚབ་ཏུ་མྱོང་བའི་ཕྱིར་ཡེ་ཤུ་ནི་རྒྱང་ཤིང་སྒང་ལ་གྲོངས། ང་ཚོ་དཀོན་མཆོག་གི་སྤྱན་སྔར་རྣམ་པར་དག་པར་འགྱུར་བའི་ཕྱིར་ཁོང་འཆི་བ་ནས་སླར་གསོན་པར་གྱུར། ང་ཚོའི་སྡིག་ཉེས་ཀྱི་ཆད་པ་མྱོང་བའི་ཕྱིར་གཞན་སུའང་མ་

३.३ प्रः कसरी प्रभु येशूमा विश्वास गरेर उद्धार पाउन सकिन्छ?

३.४ उः एउटाले गर्नुपर्ने चार काम छन्; पहिलो, आफू पापी भएको कुरा स्वीकार्नुहोस्। सबैको पापपूर्ण स्वभाव हुने भएकोले कोहीपनि पापरहित मानिस हुन सम्भव छैन। त्यसैले, हामी हरेक दिन पाप गर्छौं र यसको परिणाम मृत्यु हो। त्यो मृत्यु यस जीवनबाट बितेर जाने मात्र होइन तर परमेश्वरबाट सदाको लागि नरकमा अलग रहनु पनि हो।

३.५ दोस्रो, हामीले हाम्रो पापको पश्चात्ताप गर्नुपर्छ। हाम्रो पश्चात्ताप निष्कपट हुनु पर्छ। यदि हामीले पश्चात्ताप गरेनौं भने, परमेश्वरले अन्तिम दिनमा हाम्रो न्याय गर्नुहुनेछ र हामीले नरकमा हाम्रा पापहरूको दण्ड भोग्नेछौं।

३.६ तेस्रो, हामीले प्रभु येशूमा मात्र विश्वास गर्नुपर्छ। हाम्रो पापको दण्ड तिर्न उहाँ क्रूसमा मर्नुभयो। हामीलाई परमेश्वरसित सही गर्न उहाँ बौरी उठनुभएको थियो। हाम्रो पापको सजाय भोग्न अरू कोही नमरेकोले, कसैको वा कुनै कुरामा भर पर्दै उद्धार पाउन सम्भव थिएन।

ཤེ་བས། མི་གཞན་དང་། ཡང་ན་ལྷ་རྣམས་ལ་བརྟེན་ནས་ངཱོ་ཐར་བར་འགྱུར་མི་སྲིད།

3.7 བཞི་པ་ནི་ཡེ་ཤུ་ལ་སྨོན་ལམ་འདེབས་དགོས། དཀོན་མཆོག་གི་དམ་བཅའ་གསུང་རབ་ལས་གསུངས་པ་ལྟར། གལ་ཏེ་ཁྱེད་ཀྱིས་ཁ་ཡིས་ཡེ་ཤུ་གཙོ་བོ་ཡིན་པ་ཁས་ལེན་བྱས་ཤིང་། སེམས་ཀྱིས་ཀྱང་དཀོན་མཆོག་གིས་བོར་འཚེ་བ་ནས་སྒྲར་གསོན་པར་མཛད་པ་དེ་ལ་དད་པ་བྱས་ན། ཁྱེད་རེས་པར་ཐར་བར་འགྱུར་རོ་ཞེས་གསུངས། མ་འོངས་པའི་སྐོར་མི་ཤེས་པས་དལ་ལྟར་བྱ་ཡོ་ལ་ལེགས།

3.8 ཡེ་ཤུར་དད་པའི་ལམ་བྱ།

1. སྡིག་ཅན་ཡིན་པར་ཁས་ལེན་བྱེད།
2. སྡུག་བསྔལ་ནས་སེམས་པ་སྐྱེ།
3. ཡེ་ཤུ་ཁོ་ནར་དད།
4. ཡེ་ཤུར་སྨོན་ལམ་འདེབས།

३.७ चौथो, हामीले येशूलाई प्रार्थना गर्नैपर्छ। बाइबलमा यसो भनिएको छ, “किनकि यदि तिमीले येशूलाई प्रभु हो भनी आफ्नो मुखले स्वीकार गऱ्यौ, र परमेश्वरले उहाँलाई मरेकाहरूबाट जीवित पार्नुभयो भनी आफ्नो हृदयमा विश्वास गऱ्यौ भने तिम्रो उद्धार हुनेछ।” हामीलाई भविष्य थाहा नभएकोले अहिल्यै यसो गर्नु नै बेस हो।

३.८ येशूमा कसरी विश्वास गर्ने

१. तपाईं पापी हुनुहुन्छ भनेर स्वीकार्नुहोस्।
२. पश्चात्ताप गर्नुहोस्।
३. येशूमा मात्र विश्वास गर्नुहोस्।
४. येशूलाई प्रार्थना गर्नुहोस्।

3.9 དྲི་བ། ཐར་པ་འཐོབ་པའི་ཆེད་དུ་སྨོན་ལམ་ཇི་ལྟར་འདེབས།

3.10 ལན། འདི་ལྟར་སྨོན་ལམ་ཞུས་དང་། གཙོ་བོ་ཡེ་ཤུ་ལགས། བླ་ན་མེད་པའི་དཀོན་མཆོག་གི་བཀའ་ལ་མ་ཉན་པའི་སྒོ་ནས་ངས་ཁྱེད་དང་མི་གཞན་ལ་སྡིག་ཉེས་ཀྱི་ལས་བྱས་པ་དེ་ཁས་ལེན་བྱེད། ད་ངས་སྤྱོད་པ་ངན་པ་རྣམས་སྤངས་ནས་སེམས་བསྒྱུར་ཏེ་ཁྱེད་ཀྱི་ཐུགས་རྗེ་ཁོ་ནར་བརྟེན་ནས་ཁྱེད་ལ་དད་པ་བྱེད། སེམས་ཀྱི་སྒོ་ཕྱེ་སྟེ་ཁྱེད་རང་ནང་ལ་གདན་འདྲེན་ཞུ། ད་ནས་བཟུང་ཁྱེད་ནི་ངའི་སྐྱབས་མགོན་ཡིན་ཞིང་། ངས་ཁྱེད་ལ་ཞབས་ཕྱི་ཞུ། ཁྱེད་ཀྱི་ངོ་མཚར་ཆེབའི་ཐར་པ་ང་ལ་གནང་བའི་དོན་དུ་ཐུགས་རྗེ་ཆེཞུའོ། །

३.९ प्र: प्रभु येशूमा पाइने मुक्तिको लागि मैले कसरी प्रार्थना गर्नु?

३.१० यसरी प्रार्थना गर्नुहोस्: “प्रभु येशू, म स्वीकार गर्दछु कि मैले परमेश्वरको वचन नमानेर तपाईं र अरुहरुको विरुद्धमा पाप गरेको छु। अब म पश्चाताप गर्छु र तपाईंमाथि विश्वास गर्छु, म तपाईंको अनुग्रहमा मात्र विश्वास गर्छु। मेरो हृदयको ढोका खोल्दै म तपाईंलाई भित्र बोलाउँछु। अब देखि तपाईं मेरा मुक्तिदाता हुनुहुन्छ र म तपाईंको सेवा गर्नेछु। तपाईंको अद्भुत उद्धार मलाई दिनुभएकोमा धन्यवाद।”



3.11 དྲི་བ། ཡེ་ཤུ་ལ་དད་པ་བྱས་ནས་ཐར་པ་ཐོབ་པའི་རྗེས་སུ་ཅི་བྱེད་དགོས།
3.12 ལན། བྱིས་པ་འཚར་ལོངས་བྱེད་པ་ལྟར། ཡེ་ཤུ་ལ་ཐོག་མར་དད་པ་
རྣམས་ཐར་པའི་ཐོག་ནས་སྨིན་ཞིང་ཡོངས་སུ་རྫོགས་པར་འགྱུར་དགོས། དད་
མཁན་རྣམས་ནི་རང་འདོད་པ་ལྟར་མི་ཚེ་མི་སྐྱེལ་ཏེ། དཀོན་མཆོག་གི་
དགོངས་པ་ལྟར་མི་ཚེ་སྐྱེལ་དགོས། གཙོ་བོ་ཡེ་ཤུས་རང་གིས་གཙོ་བོ་དཀོན་
མཆོག་ལ་བློ་གཅིག་སེམས་གཅིག་དང་ཡིད་གཅིག་གིས་བརྩེ་བར་ཟུངས་ཤིག
འདི་ནི་བཀའ་རྒྱ་གལ་ཆེ་ཤོས་དང་དང་པོ་དེ་ཡིན། གཉིས་པ་དེ་དང་འདྲ་བ་
ཡིན། དེ་ནི་ཁྱིམ་མཆེས་ལ་རང་དང་འདྲ་བར་བརྩེ་བར་ཟུངས་ཞེས་གསུངས།
དེ་ལྟར་བྱེད་པའི་ཐབས་ཤེས་ལྔ་སྟེ། དཀོན་མཆོག་གི་དམ་པའི་གསུང་རབ་
ཉིན་ལྟར་ཀློག་པའམ་ཉན་པ་དང་གཅིག ཉིན་ལྟར་དཀོན་མཆོག་ཁོ་ནར་
བསྙེན་བཀུར་བྱེད་པ་དང་གཉིས། དད་ལྡན་གཞན་རྣམས་དང་མཉམ་དུ་
འཛོམ་པ་དང་གསུམ། དཀོན་མཆོག་དང་མི་གཞན་ལ་བརྩེ་བར་འཛིན་པ་
དང་བཞི། གཙོ་བོ་ཡེ་ཤུའི་སྐོར་མི་གཞན་རྣམས་ལ་དཔང་པོ་བྱེད་པ་དང་ལྡའོ།
ཁྱེད་རྣམ་པ་ལ་ཕན་པའི་ཕྱིར་www.gsungrab.org དྲ་ཚིགས་ལ་གསུང་
རབ་ཚུད་པའི་ཕབ་ལེན་རྒྱུ་ཆམང་པོ་ཡོད།

३.११ प्र: येशूमा विश्वास गरेर मैले उद्धार पाएँ अब म के गर्नु?

३.१२ उ: शिशुहरू हुर्केझैं येशूमा विश्वास गर्ने नयाँ व्यक्तिहरूले पनि आफ्नो विश्वासमा परिपक्व र पूर्ण हुनुपर्छ। विश्वासीहरूले आफ्नो इच्छाअनुसार जीवन बिताउनु हुँदैन तर परमेश्वरको इच्छाबमोजिम जीवन बिताउनुपर्छ। प्रभु येशूले भन्नुभयो, “तैंले परमप्रभु आफ्ना परमेश्वरलाई आफ्नो सारा हृदयले, र आफ्नो सारा प्राणले, र आफ्नो सारा समझले प्रेम गर्नू। महान् र प्रथम आज्ञा यही हो। दोस्रो पनि त्यस्तै छ, तैंले आफ्नो छिमेकीलाई आफैलाई जस्तै प्रेम गर्नू।” यसो गर्ने पाँच तरिका यसप्रकार छन्: १) बाइबल दैनिक पढ्नु वा सुन्नु; २) परमेश्वरको आराधना गर्नु र प्रार्थना गर्नु; ३) अरु विश्वासीहरूसँग भेट गर्नु; ४) अरुलाई माया र सेवा गर्नु; ५) प्रभु येशूको बारेमा अरुलाई भन्नु। तपाईँलाई मद्दत गर्न www.gsungrab.org वेब साइटमा धेरै स्रोतहरू उपलब्ध छन्।

3.13 ཡེ་ཤུ་མཱ་ཤི་ཀར་རྗེས་སུ་འབྲང་བའི་ལམ་བུ།

1. དམ་པའི་གསུང་རབ་ཉིན་ལྟར་ཀློག་པའམ་ཉན།
2. ཉིན་ལྟར་དཀོན་མཆོག་ཁོ་ནར་བསྙེན་བཀུར་བྱེད།
3. དད་ལྡན་གཞན་རྣམས་དང་མཉམ་དུ་འཛོམ།
4. དཀོན་མཆོག་དང་མི་གཞན་ལ་བརྩེ་བར་འཛིན།
5. ཡེ་ཤུའི་སྐོར་ལ་མི་གཞན་རྣམས་ལ་དཔང་པོ་བྱེད།

३.१३ येशू ख्रीष्टलाई कसरी पच्छ्याउने।

१. बाइबल दैनिक पढ्नुहोस् र आज्ञापालन गर्नुहोस्।
२. दिनहुँ परमेश्वरको मात्र उपासना गर्नुहोस्।
३. अरू विश्वासीहरूसित भेट्नुहोस्।
४. परमेश्वर र अरूहरूलाई प्रेम गर्नुहोस्।
५. येशूकोबारेमा अरूलाई बताउनुहोस्।

ལེའུ་བཞི་པ།

དཀོན་མཆོག་གི་དམ་པའི་གསུང་རབ་ཀྱི་སྐོར།

4.1 དྲི་བ། དཀོན་མཆོག་གི་དམ་པའི་གསུང་རབ་ཅེས་པ་དེ་ཅི་ཡིན།

4.2 ལན། དམ་པའི་གསུང་རབ་ནི་མི་རིགས་ཀུན་ལ་གནང་བའི་དཀོན་མཆོག་གི་བཀའ་ཡིན། དམ་པའི་གསུང་རབ་ལ་ཞལ་ཆད་རྙིང་པ་དང་ཞལ་ཆད་གསར་པ་ཟེར་བའི་ཆཤས་གཅོ་བོ་གཉིས་ཡོད་ལ། དེ་ཚོ་བོད་ཀྱི་ལོ་རྒྱུས་བཀོད་པའི་སྔོན་གྱི་དུས་རབས་མང་པོའི་ནང་བྲིས་ཡོད་པ་ཞིག་ཡིན། ཞལ་ཆད་རྙིང་པ་ནི་ལོ་ངོ2,500-3,000 སྔོན་དང་། ཞལ་ཆད་གསར་པ་དུས་རབས་དང་པོའི་སྐབས་སུ་བྲིས། དེ་ནི་ཀྲུང་གོའི་ཉན་རྒྱལ་རབས་ཀྱི་དུས་སུ་ཡིན། ཞལ་ཆད་རྙིང་པ་ནི་ཡ་ཧུ་དཱ་པ་མི་རིགས་ཀྱི་ལོ་རྒྱུས་འཁོད་ཡོད། ཞལ་ཆད་གསར་པ་ལ་སྟོན་པ་ཡེ་ཤུའི་རྣམ་ཐར་དང་། ཁོང་གི་ཆོས་ཚོགས་ཀྱི་ལོ་རྒྱུས་འཁོད་ཡོད། གསུང་རབ་ནང་དཀོན་མཆོག་གི་བདེན་པའི་བཀའ་དང་། ཐར་པའི་ལམ། དྲང་པོའི་ཁྲིམས་སོགས་སྡིག་ཅན་ཐར་ཐུབ་པའི་དགའ་སྤྲོའི་འཕྲིན་བཟང་བཀོད་ཡོད། མདོར་ན། དཀོན་མཆོག་གི་སྐོར་གང་ཤེས་དགོས་པ་ཐམས་ཅད་དམ་པའི་གསུང་རབ་ནང་བཀོད་ཡོད།

अध्याय चार:

बाइबल

४.१ प्र: बाइबल के हो?

४.२ उ: बाइबल सबै मानिसहरूका लागि परमेश्वरको वचन हो। बाइबलमा दुइटा मुख्य भाग छन् जसलाई पुरानो नियम र नयाँ नियम भनिन्छ। ती दुवै तिब्बतको इतिहास रेकर्ड हुनुभन्दा धेरै शताब्दीअघि लेखिएका थिए। पुरानो करार लगभग २,५०० - ३,००० वर्ष पहिले लेखिएको थियो, र नयाँ करार प्रथम शताब्दी ईस्वीमा लेखिएको थियो, त्यसै बेला जब चीनमा हान राजवंश थियो। पुरानो नियम यहूदी मानिसहरूको इतिहास हो। नयाँ नियम प्रभु येशू र उहाँको मण्डलीको कथा हो। बाइबलमा परमेश्वरको साँचो वचन, उद्धारको मार्ग, धार्मिक व्यवस्था र पापीहरूले उद्धार पाउन सक्ने अद्भुत सुसमाचार पाइन्छ। सारांशमा भन्ने हो भने, परमेश्वरबारे हामीले थाहा पाउनुपर्ने सबै कुरा बाइबलमा छ।

4.3 དྲི་བ། དཀོན་མཆོག་གི་དམ་པའི་གསུང་རབ་གང་ནས་འཐོབ་སྲིད།

4.4 ལན། དམ་པའི་གསུང་རབ་ནི་www.gsungrab.org དྲ་ཚིགས་ནས་ཕབ་ལེན་གནང་ན་ཆོག

४.३ प्र: बाइबलको एक प्रति म कहाँ पाउन सक्छु?

४.४ उ: तपाईंले (www.gsungrab.org) वेबसाइट बाट एक प्रतिलिपि डाउनलोड गर्न सक्नुहुन्छ।

དྲིས་ལན།

བཀོལ་སྤྱོད་མཉེས་ཆས་འདི་སྟབས་བདེ་པོ་ཡོད་པ་དང་ཡེ་ཤུའི་ཆོས་ལུགས་ཀྱི་སྐོར་ངོ་སྤྲོད་བཞུགས་སོ། དེ་མ་ཟད་ས་བཅད་རེ་རེར་དཀོན་མཆོག་གི་སྐོར་དང་སྟོན་པ་ཡེ་ཤུའི་སྐོར་གྱི་དྲིས་ལན་ཡང་འཁོད་ཡོད། བཀོལ་སྤྱོད་མཉེས་ཆས་འདི་བོད་དབྱིན་བལ་རྒྱ་སྐད་ཡིག་བཞི་པོའི་ཐོག་ནས་བཟོས་ཡོད། སྐད་རིགས་བཞི་པོ་དེ་གང་རུང་གི་ངང་ནས་ལས་སླ་པོ་བལྟ་ཐུབ། བོད་ཡིག་གི་སྒྲ་འཇུག་གི་ཉན་ཆས་ཀྱང་འཁོད་ཡོད།

ईसाई धर्मको बारेमा प्रश्न र उत्तरहरू

यो एप प्रयोग गर्न सजिलो छ र यसले तपाईंलाई ईसाई विश्वासमा परिचय गराउनेछ। प्रत्येक खण्डमा प्रश्न र संक्षिप्त उत्तरहरू छन्। यस खण्डहरूले परमेश्वर, येशू, विश्वास र बाइबलको बारेमा प्रश्नहरू समावेश गरेका छन्।

यो एप तिब्बती, अंग्रेजी, नेपाली र चिनियाँ गरी चार भाषामा रहेको छ। तपाईंले सजिलै भाषाहरू बदल्न सक्नुहुन्छ।